# मधेश प्रदेश सरकार

# श्रम तथा रोजगार नीति

## २०७९

## श्रम तथा यातायात मन्त्रालय

जनकपुरधाम, नेपाल

# मधेश प्रदेश सरकार
# श्रम तथा रोजगार नीति
# २०७९

## १. पृष्ठभूमिः

नागरिकको संविधान प्रदत्त रोजगारीको हकको प्रत्याभूत गर्न, राष्ट्रिय विकास लक्ष्य हासिल गर्न र सम्पन्न तथा समुन्नत मधेश प्रदेशको परिकल्पना साकार पार्न रोजगारीका अवसर विस्तार हुनु आवश्यक छ । प्रदेशको आर्थिक/सामाजिक विकासमा रोजगारीका अवसर विस्तारका साथसाथै उत्पादनमूलक र मर्यादित रोजगारी आवश्यक पर्दछ । उत्पादनशील रोजगारी देशको आर्थिक समृद्धि र गरिबी न्यूनीकरणको प्रमुख आयाम हो । मर्यादित रोजगारीले केवल जीविकोपार्जनको आधार उपलब्ध गराउने मात्र नभई सामाजिक प्रतिष्ठा तथा आत्मसम्मान पनि प्रदान गर्दछ । रोजगारीबाट प्राप्त आयले नागरिकको उपभोगको क्षमता बढाउनुका साथै मानव संसाधनको विकास लगायतका अन्य उत्पादनका क्षेत्रमा लगानी गर्न अत्यावश्यक पुँजी निर्माण र परिचालन सम्भव हुन्छ । मानव संसाधनको विकास सहितको रोजगारी, स्वरोजगारी, उद्यमशीलता, असल श्रम सम्बन्ध र व्यवस्थित वैदेशिक रोजगारीले प्रदेशको जनशक्तिको उपयोग, उत्पादनजन्य उद्योग, व्यापार, वाणिज्य र सेवा क्षेत्रको विस्तार तथा आधुनिकीकरणमा सहयोग पुग्न गई समग्र आर्थिक क्रियाकलाप विस्तारको परिणाम स्वरूप सकारात्मक आर्थिक परिसूचक हासिल हुन सक्नेछ ।

रोजगरी सिर्जना बहुआर्थिक क्षेत्र सम्बन्धित विषय भएकाले यसका लागि सम्बन्धित सरोकारवालाहरूको प्रभावकारी संलग्नता र समन्वय आवश्यक हुन्छ । नेपालको संविधानको धारा ३३ ले रोजगारीलाई र धारा ३४ ले श्रमलाई मौलिक हकका रूपमा व्यवस्था गरेको छ भने राज्यका निर्देशक सिद्धान्त तथा

नीतिका रूपमा धारा ५१ (झ) मा श्रम तथा रोजगार सम्बन्धी नीतिको व्यवस्था गरेको छ । राज्यका निर्देशक सिद्धान्त तथा नीतिको कार्यान्वयनको जिम्मेवारी भने संविधानले संघीय, प्रदेश तथा स्थानीय तहलाई प्रदान गरेको देखिन्छ । संविधान प्रदत्त जिम्मेवारी पूरा गर्ने प्रयास स्वरूप आएको प्रदेशको पहिलो आवधिक योजनाले राखेको दीर्घकालीन सोच **"उच्च मानव विकास र पहिचान: समृद्ध मधेश समाज"**[1] लाई मूर्तरूप दिनका लागि श्रम तथा रोजगारी क्षेत्रलाई व्यवस्थित गर्नु अत्यावश्यक छ ।

विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कारणहरूले गर्दा एकातिर देशको उत्पादन क्षेत्र संकुचित हुँदै जाँदा रोजगारी प्रभावित हुन पुगेको छ भने अर्कोतिर जनसंख्या वृद्धि र रोजगारी सिर्जनाका बीच गहिरो खाडलका कारण देशभित्र बेरोजगारीको अवस्था भयावह हुन पुगेको छ । देशभित्र रोजगारको अवसर उपलब्ध नहुँदा युवा जनशक्ति रोजगारीका लागि पलायन हुने प्रवृत्ति बढ्दै जाँदा एकातिर देशले ऊर्जावान र उत्पादनशील जनशक्तिबाट लिन सक्ने आर्थिक लाभ लिन सकिरहेको छैन भने अर्कोतिर पारिवारिक विखण्डन, बसाइँसराइ, पराश्रयी प्रवृत्तिको विकास, जेष्ठ नागरिकहरुको उचित रेखदेखमा कमि, बालबालिकाको उचित संरक्षण  जस्ता विकराल सामाजिक समस्याहरू देखापरेका छन् ।

विदेशमा श्रम शोषण, ठगी, जोखिमयुक्त काम, कमजोर श्रम सूचना प्रणाली, बिचौलियाको वर्चस्व, औपचारिक क्षेत्रबाट विप्रेषण नभित्रिनु आदिले समस्यालाई थप जटिलतातर्फ धकेलिरहेका छन्।

आन्तरिक श्रम बजारमा वार्षिक कति जनाले रोजगार प्राप्त गर्ने गरेका छन् भन्ने एकीकृत तथ्याङ्क समेत उपलब्ध हुन गाह्रो छ भने रोजगारीका लागि भारत जाने नेपालीहरूको त अभिलेखसम्म पनि राख्ने गरिएको छैन । देशका युवा

१ पहिलो आवधिक योजना (आ.व.२०७६/७७-२०८०/८१), मधेश प्रदेश सरकार ।

जनशक्तिलाई देशभित्रै उत्पादनशील रोजगारी सिर्जना गरी देशको उत्पादन क्षेत्रलाई सक्रिय गराई अर्थतन्त्रलाई गतिशील बनाउन प्रदेशभित्र सञ्चालित विकास आयोजनाहरू, क्षेत्रगत नीति तथा कार्यक्रमहरूमा रोजगार सिर्जनालाई प्राथमिकतासाथ जोड दिनुपर्ने आवश्यकता छ ।

## २. वर्तमान स्थिति

नेपालको श्रम सहभागिता दर शहरमा ४१ प्रतिशत र ग्रामीण क्षेत्रमा ३२.९ प्रतिशत गरी कुल राष्ट्रिय दर ३८.५ प्रतिशत रहेको छ । यसमध्ये पुरुष र महिला श्रम सहभागिता दर क्रमशः ५३.८ प्रतिशत र २६.३ प्रतिशत रहेको छ । पन्ध्रौं योजनाको अन्त्यसम्म राष्ट्रिय श्रम सहभागिता दर ४९ प्रतिशतमा वृद्धि गरी वि.सं. २१०० सम्म ७० प्रतिशत पुर्‍याउने लक्ष्य राखिएको छ । हरेक वर्ष करिब पाँच लाख नयाँ जनशक्ति नेपाली श्रम बजारमा प्रवेश गर्ने गर्दछन् जसमध्ये ११.४ प्रतिशत बेरोजगार रहन्छन् । पन्ध्रौं योजनाले यसलाई ६ प्रतिशतमा झार्ने लक्ष्य लिएको छ। देशमा युवा साक्षरता दर ९२ प्रतिशत देखिएको छ भने काम गर्न सक्ने जनसंख्या ७१.५ प्रतिशत रहेको छ । रोजगारीमा रहेका जनशक्तिमध्ये पनि १५.४ प्रतिशतमात्र औपचारिक क्षेत्रमा र बाँकी अनौपचारिक क्षेत्रमा रोजगार छन् ।[२] पन्ध्रौं योजनाले ५० प्रतिशत जनशक्तिलाई औपचारिक क्षेत्रमा रोजगार उपलब्ध गराउने लक्ष्य राखेको छ । देशको जनसंख्याको ४२.५१ प्रतिशत हिस्सा युवा (१५-३९ वर्ष) ले ओगटेको छ ।[3] यिनीहरूलाई व्यावसायीक र सीपमूलक तालिम प्रदान गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम बजारमा प्रतिस्पर्धी जनशक्ति तयार गर्नु आवश्यक छ । श्रम बजारमा उपलब्ध काम र जनशक्तिको सीप तथा दक्षताबीच तादात्म्यता नहुँदा रोजगारी अवसरको फाइदा लिन सकिएको छैन ।

---

२ नेपाल श्रमशक्ति सर्वेक्षण २०१७/१८ ।

3 राष्ट्रिय जनगणना २०७८।

आन्तरिक श्रम बजारमा रोजगारी उपलब्ध नहुँदा अत्यधिक युवाहरू रोजगारीको खोजीमा भारत तथा तेस्रो मुलुकमा जाने गरेका छन् । आन्तरिक श्रम बजारमा वार्षिक कति जनाले रोजगार प्राप्त गर्ने गरेका छन् भन्ने एकीकृत तथ्याङ्कसमेत उपलब्ध हुन गाह्रो छ भने रोजगारीका लागि भारत जाने नेपालीहरूको त अभिलेखसम्म पनि राख्ने गरिएको छैन । वैदेशिक रोजगारीको तथ्याङ्कमा हालसम्म पनि भारतमा कामका लागि जाने नेपाली श्रमशक्तिको आँकडा समावेश हुन सकेको छैन । लामो समयदेखि नेपालबाट वैदेशिक रोजगारका लागि जाने प्रचलन रहे पनि सन् १९९० को दशकबाट यसले गति लिन थालेको देखिन्छ । वैदेशिक रोजगार विभागको तथ्याङ्क अनुसार आ.व.२०७७।७८ मा वैदेशिक रोजगारीका लागि ९४,६१७ जनालाई पुनः श्रम स्वीकृति र ७२,०८१ जनालाई नयाँ श्रम स्वीकृति प्रदान[4] गरिएकोमा आ.व. २०७८।७९ मा ६,३०,०९० जना नेपाली नागरिकले वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति प्राप्त गरेका छन् भने आ.व. २०७९/८० मा ७,७१,३२७ जनाले श्रम स्वीकृति लिएकाछन्। यस मध्ये यस प्रदेश बाट १,८१,६१३ (२३.५%) जनाले श्रम स्वीकृति लिएका छन् ।

आर्थिक वर्ष (सन्) २०१०/११ मा २.५४ बिलियन अमेरिकी डलर विप्रेषण भित्रिएकोमा यो रकम आ.व. (सन्) २०१८/१९ मा ८.७९ बिलियन अमेरिकी डलर पुगेको थियो । आर्थिक वर्ष २०७२/७३ मा वैदेशिक रोजगारीको सिलसिलामा विदेशमा रहेका नेपाली नागरिकबाट प्राप्त भएका विप्रेषणले कुल गार्हस्थ्य उत्पादनको अनुपातमा २९.६ प्रतिशतभन्दा बढी हिस्सा ओगटेको थियो भने ५५.८ प्रतिशतभन्दा बढी घरधुरीले कुनै न कुनै रूपमा विप्रेषण प्राप्त गरिरहेका थिए । नेपालको कुल गार्हस्थ्य उत्पादनमा

---

४ वार्षिक प्रगति प्रतिवेदन २०७७/७८, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय।

विप्रेषणको योगदान ज्यादा हुने विश्वको पाँचौं मुलुकका रूपमा देखापरेको थियो । देशको गरिबी निवारणमा वैदेशिक रोजगारीबाट प्राप्त हुने विप्रेषणले उल्लेखनीय भूमिका खेलेको छ।[५] विश्वमा महामारीका रूपमा फैलिएको कोभिड-१९ ले नेपालबाट वैदेशिक रोजगारीमा जाने संख्यामा केही समय कमी आएको देखिए तापनि यसबाट आउने विप्रेषणमा भने बढोत्तरी नै भइरह्यो ।

मधेश प्रदेशले देशको कुल क्षेत्रफलको ९,६६१ वर्ग कि.मि. (५.७५ प्रतिशत) क्षेत्र ओगटेको छ भने देशको कुल जनसंख्या २,९१,६४,५७८ मध्ये मधेश प्रदेशमा ६१,१४,६००. (२०.९६ प्रतिशत) जना बसोबास गर्दछन् । जनघनत्वको दृष्टिले देशको सबैभन्दा सघन बसोबास (६३३ प्रतिवर्ग कि.मि.) भएको यस प्रदेशको जनसंख्या वृद्धिदर १.१९ प्रतिशत छ जुन सम्पूर्ण देशको वृद्धिदर (०.९२ प्रतिशत ) भन्दा बढी हो । युवा जनसंख्या (१५-३९ वर्ष समूह) को बाहुल्यता (४०.६५ प्रतिशत ) रहेको यस प्रदेशमा औपचारिक क्षेत्रमा केवल १३.३ प्रतिशत मात्र रोजगाररत छन् तर सबै प्रदेशभन्दा बढी २०.१ प्रतिशत जनशक्ति बेरोजगार छन् । मधेश प्रदेशको श्रम सहभागिता दर पुरुषमा ५६.७ प्रतिशत र महिलामा २५.९ प्रतिशत गरी कुल ३९.७ प्रतिशत छ ।[६] प्रदेशको कुल जनशक्तिको केवल ८.१ प्रतिशत मात्र औपचारिक क्षेत्रमा रोजगाररत छन् ।देशगत रूपमा हेर्ने हो भने प्रतिष्ठानस्तर रोजगारी १३ प्रतिशत मात्र यस प्रदेशमा उपलब्ध छ । रोजगारको लैङ्गिक स्थिति हेर्ने हो भने ७६ प्रतिशत पुरुष र २४ प्रतिशत महिला सहभागिता देखिन्छ ।[७] राष्ट्रियस्तरमा विद्यालय जाने उमेरको जनसंख्याको सबैभन्दा कम साक्षरता ४९.५ प्रतिशत रहेको यस क्षेत्रको बहुआयामिक गरिबी दर सबै प्रदेशभन्दा उच्च ४७.९ प्रतिशत छ ।[८]

---

५ नेपाल आप्रवासन प्रतिवेदन २०२० ।

६ राष्ट्रिय जनगणना २०७८।

७ नेपाल श्रमशक्ति सर्वेक्षण २०१७/१८

८ पहिलो आवधिक योजना (आ.व.२०७६/७७-२०८०/८१) आधार-पत्र, मधेश प्रदेश

आन्तरिक रोजगारका अवसरको अपर्याप्तताका कारण यस प्रदेशका युवा जनशक्ति पनि रोजगारीको खोजीमा भारत तथा तेस्रो मुलुक पुग्ने गरेका छन् । लामो समयदेखि नै यस प्रदेशबाट ठूलो संख्यामा युवाहरू रोजगारीका लागि भारत जाने गर्दछन् तर रोजगारीका लागि भारत जाने जनशक्तिको व्यवस्थित अभिलेख राख्ने प्रणालीको अभावमा कति युवाहरू वैदेशिक रोजगारको सिलसिलामा भारतमा कार्यरत छन् भन्न सक्ने अवस्था देखिएन । देशका १० जिल्लाहरूले वैदेशिक रोजगारमा जाने कुल संख्याको ४० प्रतिशत ओगटेको छ जसमध्ये ५ वटा जिल्ला मधेश प्रदेशमा पर्दछन् । देशबाट वैदेशिक रोजगारमा जाने कुल जनशक्तिको २५.१ प्रतिशत हिस्सा यस प्रदेशको छ जसमध्ये ६६.८६ प्रतिशत सहरी क्षेत्र र ३३.१४ प्रतिशत ग्रामीण क्षेत्रका छन् । यसमा पनि ९५.७८ प्रतिशत पुरुष छन् भने बाँकी हिस्सा महिलाको रहेको छ । वैदेशिक रोजगारबाट फर्केका जनशक्तिमध्ये २१.९ प्रतिशत बेरोजगार देखिन्छन् भने ३३ प्रतिशत श्रम बजारबाट बाहिर रहेको देखिन्छ ।[९] मानव विकास सूचकाङ्कमा सबैभन्दा पछाडि (०.४२१) रहेको यस प्रदेशको गरिबी न्यूनीकरणमा विप्रेषणको ठूलो भूमिका रहेको छ ।

यस प्रदेशको सरकारले मानवीय क्षमता विकास, पूर्वाधार निर्माण, उद्यमशीलता र रोजगारी अभिवृद्धि, गरिबी न्यूनीकरण, दिगो विकास तथा पर्यावरण संरक्षण र सुशासनको प्रत्याभूतिलाई प्राथमिकतामा राखेको छ ।[१०] हालसम्म यस प्रदेशले प्रादेशिक श्रम प्रशासनका लागि संघीय नीति, नियम र कानूनको अनुसरण गरिरहेको छ भने अर्थतन्त्रका विभिन्न क्षेत्रको परिचालनमार्फत रोजगारीको सिर्जना गर्ने प्रयास गरिरहेको छ ।

---

सरकार

९ राष्ट्रिय जनगणना २०७८ ।

१० मधेश प्रदेश सरकारको आ.व. २०७९/८० को नीति तथा कार्यक्रम ।

## ३. समस्या तथा चुनौती

वर्तमान अवस्थामा मधेश प्रदेशको श्रम बजारमा देखा परेका समस्या तथा चुनौतीहरूलाई संक्षिप्त रूपमा तल प्रस्तुत गरिएको छ :

### (क) समस्या

प्रदेशको तुलनात्मक लाभका क्षेत्रहरूको पहिचान नहुनु; दीर्घकालीन जनशक्ति विकास योजना नहुनु; प्रभावकारी सूचना प्रणालीयुक्त श्रम बजारको विकास हुन नसक्नु; उद्यमशीलताको पर्याप्त विकास हुन नसक्नु; ठूला उत्पादनमूलक उद्योग खोल्न नसकिनु तथा भएकाहरू बन्द हुँदै जानु; कमजोर औद्योगिक पूर्वाधार; लगानीमैत्री वातावरण तयार हुन नसक्नु; उद्योग क्षेत्रमा श्रम सम्बन्ध सुमधुर बन्न नसक्नु; श्रम प्रशासन प्रभावकारी हुन नसक्नु; कमजोर सेवा प्रवाह प्रणाली; व्यवसायिक तथा सीप विकास तालिम अवसरको अपर्याप्तता र कमजोर गुणस्तर; रोजगारी सिर्जनाका लागि सरोकारवाला निकाय तथा संस्था बीच प्रभावकारी समन्वयको अभाव र श्रम तथा रोजगार नीतिको अभाव आदि यस क्षेत्रका प्रमुख समस्याहरू हुन् ।

### (ख) चुनौती

संविधानप्रदत्त रोजगारको हकको कार्यान्वयन गर्नु; श्रम बजारको मागअनुरूप सीपयुक्त जनशक्तिको विकास गर्नु; श्रम बजारको आवश्यकताअनुसार तालिम प्रदायक संस्थाहरूको क्षमताको स्तरोन्नति गर्नु; युवाहरूमा उद्यमशीलता विकास गर्नु; औद्योगिक पूर्वाधारहरूको विकास गर्नु; उत्पादनमूलक उद्योगहरूको विकास गर्नु; साना तथा लघु उद्योगको प्रवर्द्धन गर्नु; आन्तरिक रोजगारी सिर्जना गर्नु; असल श्रम सम्बन्धको विकास गर्नु; श्रम तथा रोजगारसम्बन्धी एकीकृत सूचना प्रणालीको विकास गर्नु; स्वदेशी तथा वैदेशिक लगानी आकर्षित गर्नु; कृषिको आधुनिकीकरण तथा व्यवसायीकरण गर्नु;

परम्परागत सीप तथा प्रविधिको स्तरोन्नति तथा व्यवसायीकरण गर्नु; सुमधुर औद्योगिक सम्बन्धको विकास गर्नु; बाध्यात्मक वैदेशिक रोजगारी रोक्नु; वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित र प्रतिफलयुक्त बनाउनु; वैदेशिक रोजगारको आर्थिक तथा सामाजिक लागत न्यून गर्नु; आर्थिक तथा गैरआर्थिक विप्रेषणलाई उत्पादनमूलक क्षेत्रमा लगानी गर्न उत्प्रेरित गर्नु र वैदेशिक रोजगारबाट फर्केका जनशक्तिको पुनर्एकीकरण गर्नु आदि यस क्षेत्रका प्रमुख चुनौतीहरू हुन् ।

## ४. नीतिको आवश्यकता

मधेश प्रदेशको छुट्टै श्रम तथा रोजगार नीति तर्जुमा गर्नुपर्नाका कारणहरू देहायबमोजिम रहेका छन्:

१. नेपालको संविधान, २०७२ ले देशमा संघीय शासन प्रणालीको व्यवस्था गरेको छ । यसमा कृषि तथा पशु विकास, कलकारखाना, औद्योगिकीकरण, व्यापार व्यवसाय, यातायात प्रदेशको अधिकार सूचीमा तथा सामाजिक सुरक्षा र रोजगारी, ट्रेड युनियन, औद्योगिक विवादको समाधान, श्रमिकका हक, अधिकार र विवादसम्बन्धी कार्य संघ र प्रदेशको साझा अधिकार सूचीमा रहेकाले श्रम तथा रोजगारको क्षेत्रमा प्रदेशले छुट्टै नीतिको व्यवस्था गरी कार्यान्वयन गर्नु आवश्यक भएको;

२. यस प्रदेशमा रहेका युवा जनशक्तिलाई क्षमतावान बनाई आन्तरिक तथा बाह्य श्रम बजारमा सीपयुक्त श्रमशक्तिको आपूर्ति गराउन;

३. सबैभन्दा बढी जनसंख्या र जनघनत्व भएको यस प्रदेशमा रहेको विकराल बेरोजगारको समस्यालाई सम्बोधन गर्न छुट्टै नीति आवश्यक भएको; र

४. प्रदेशका विभिन्न क्षेत्रहरूबीच नीतिगत सामञ्जस्यता कायम गरी समग्र प्रदेशको रोजगारीको अवस्थामा सुधार ल्याउन प्रदेशस्थित रोजगारदाता संस्थाहरूका प्रतिनिधिहरू, ट्रेड युनियनका प्रतिनिधिहरू तथा

सरोकारवालाहरूबीचको समन्वयमा श्रम तथा रोजगारको क्षेत्रमा नीतिगत व्यवस्था गर्न आवश्यक भएकाले यो नीति तर्जुमा गरिएको हो ।

५. वैदेशिक रोजगारीबाट फर्केका व्यक्ति एवं प्राप्त सीप, ज्ञान, प्रविधि र अनुभव जस्ता सामाजिक विप्रेषणको सृजनशील उपयोग गराउन ।

## ५. दूरदृष्टि

सीपयुक्त जनशक्ति, श्रमको सम्मान, सुनिश्चित रोजगारः समृद्ध मधेशको मूल आधार

## ६. लक्ष्य

प्रदेशको श्रम बजारमा रहेका सबै नागरिकलाई ज्ञान, सीपका आधारमा मर्यादित रोजगारीको अवसर सुनिश्चित भएको हुने ।

## ७. उद्देश्य

क. आन्तरिक रोजगारी सिर्जना गर्नु,

ख. युवाहरूमा उद्यमशीलताको विकास गरी स्वरोजगारतर्फ आकर्षित गर्नु,

ग. श्रम बजारको प्रवर्द्धन एवं असल श्रम सम्बन्धको अभ्यासद्वारा रोजगारमैत्री लगानी आकर्षित गर्नु,

घ. वैदेशिक रोजगारीको व्यवस्थापन गर्नु,

ङ. अनौपचारिक क्षेत्रको रोजगारीलाई औपचारिक क्षेत्रमा रुपान्तरण गरि श्रमजिवीलाई समाजमा सम्मानित र सुरक्षित स्थान प्रदान गर्नु,

च. वैदेशिक रोजगारी बाट फर्केका व्यक्तिहरुको सामाजिक पुनःएकीकरण एवं प्राप्त ज्ञान, सीप र उद्यमशीलताको उपयोग गरि आर्थिक पुनःएकीकरण गर्नु,

## ८. रणनीति

१. बजारको मागबमोजिम दक्ष, सीपयुक्त तथा प्रतिस्पर्धी जनशक्तिको उत्पादन गर्ने,

२. आय तथा रोजगारमूलक कार्यक्रम सञ्चालन गर्ने,

३. युवा वर्ग लक्षित रोजगारीका कार्यक्रम सञ्चालन गर्ने,

४. श्रम बजारको प्रवर्द्धन गरी रोजगारदाता तथा श्रमिकको हक र हितको संरक्षण गर्ने,

५. श्रम प्रशासन सुदृढीकरण गर्ने,

६. वैदेशिक रोजगारीको जोखिम घटाई विप्रेषण आयलाई उत्पादनशील र रोजगारीमूलक क्षेत्रमा लगानी गर्ने,

७. आप्रवासी कामदारको व्यवस्थापन गर्ने,

८. अनौपचारिक क्षेत्रका कामदारका सीपहरुको आधुनिकारण गर्ने, अनौचारिक रुपमा सन्चालित उद्योग व्यवसायहरुलाई औपचारिक बनाउने र रोजगारदाता तथा श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रममा समाहित गराइ रोजगारीको गुणस्तर सुधार गर्ने,

९. निर्माण, सेवा र कृषि आधारित मूल्यअभिवृद्धि शृंखलाको आधारमा रोजगार प्रवर्द्धन गर्ने,

१०. डिजिटल युग सापेक्ष दक्षता हासिल गर्न श्रमिकहरुलाई डिजिटल शिक्षा प्रदान गर्ने,

११. औपचारिक, अनौपचारिक वा अरितिक तवरबाट दक्ष भएका व्यक्तिहरुलाई योग्यताका प्रमाण-पत्र प्राप्त गर्न सहजीकरण गर्ने,

## ९. कार्यनीति

प्रदेशको श्रम तथा रोजगार नीतिको उद्देश्य प्राप्तिका लागि देहाय बमोजिमको रणनीति तथा कार्यनीति अवलम्बन गरिनेछ :

| उद्देश्यः क | आन्तरिक रोजगारी सिर्जना गर्नु |
| --- | --- |
| **रणनीति** | **कार्यनीति** |
| १. बजारको मागबमोजिम दक्ष, सीपयुक्त तथा प्रतिस्पर्धी जनशक्तिको उत्पादन गर्ने | १. निजी क्षेत्रसँग सहकार्य गरी अल्पकालीन र दीर्घकालीन मागका आधारमा श्रमशक्तिको प्रक्षेपण गरिनेछ ।<br>२. स्थानीय तहसँगको समन्वयमा रोजगार सूचना केन्द्रहरूको सुदृढीकरण गर्दै प्रदेशभित्र कार्यरत रोजगार, बेरोजगार तथा बाह्य मुलुकका श्रमिकहरूको तथ्याङ्क अद्यावधिक बनाइनेछ ।<br>३. विदेशी कामदार कार्यरत रोजगारीका क्षेत्रहरूको पहिचान गरी उक्त क्षेत्रहरूमा स्वदेशी श्रमशक्ति परिचालन गर्न आवश्यक सीप विकास तालिम प्रदान गरिनेछ ।<br>४. प्रदेश सरकारद्वारा स्थापित विश्वविद्यालयहरूको क्षमता अभिवृद्धि गरी प्राविधिक शिक्षाको अध्ययन अध्यापन गराइनेछ ।<br>५. प्रदेशका प्राविधिक विश्वविद्यालयहरूमा अध्ययनरत जनशक्तिलाई प्रविधि तथा सीप हस्तान्तरण प्रशिक्षकका रूपमा प्रयोग गर्ने व्यवस्था मिलाइनेछ ।<br>६. प्रदेशस्तरका व्यवसायिक शिक्षा तथा सीप विकास तालिम केन्द्रको संरचनात्मक सुधार गर्दै राष्ट्रिय |

| | |
|---|---|
| | तथा अन्तर्राष्ट्रिय श्रम बजारको आवश्यकताअनुसार रोजगार दाताहरु संगको समन्वय तथा सहकार्यमा व्यवसायिक एवं सीपमूलक तालिमको व्यवस्था गरिनेछ ।<br>७. व्यवसायिक तथा सीप तालिम प्रदायक संस्थाहरूलाई सूचना प्रविधिको अध्ययन, अध्यापन, विकास तथा कार्यान्वयनका लागि प्रोत्साहित गरिनेछ।<br>८. प्रदेशका सार्वजनिक तथा निजी प्रशिक्षण संस्थाहरूको क्षमता अभिवृद्धि गर्न आवश्यक सहयोग गरी श्रम बजारको मागअनुसार सीप तालिमका क्षेत्रहरूको परिमार्जन तथा विस्तारका लागि उत्प्रेरित गरिनेछ।<br>९. स्थानीयस्तरका प्राविधिक विद्यालयहरूको सुदृढीकरण गरी गुणस्तरीय प्राविधिक तथा व्यवसायिक शिक्षा र तालिम प्रदान गर्न स्थानीय तहसँग सहकार्य गरिनेछ ।<br>१०. माध्यमिक विद्यालयस्तरदेखि नै व्यवसायिक तथा प्राविधिक शिक्षामा पहुँच बृद्धि गर्न आवश्यक परामर्श सेवाकोलागि पहल गरिनेछ ।<br>११. प्रदेशका सार्वजनिक विद्यालयहरूमा सूचना-प्रविधिको प्रयोग गरी अध्ययन अध्यापन गर्न कम्प्युटरलगायत आवश्यक उपकरण तथा इन्टरनेट सुविधा निःशुल्क उपलब्ध गराइनेछ । |
| | १२. औद्योगिक क्षेत्र तथा औद्योगिक कोरिडोरमा |

| | |
|---|---|
| | स्थापित उद्योगहरूको आवश्यकताअनुसारको जनशक्ति उत्पादन गर्न त्यस्ता औद्योगिक क्षेत्रसँगको सहकार्यमा प्रशिक्षार्थी (Apprenticeship) तालिम संचालन गरिनेछ साथै आवश्यता अनुरुप प्राविधिक प्रशिक्षण केन्द्र स्थापना गरिनेछ ।<br>१३. औद्योगिक प्रशिक्षण केन्द्रबाट उत्पादित जनशक्तिलाई कम्तिमा २(दूई) वर्षको रोजगारी उपलब्ध गराउने उद्योगहरूलाई त्यस्तो रोजगार प्रदान गरेको पहिलो ३ (तीन) महिनाको न्यूनतम पारिश्रमिक उपलब्ध गराइनेछ।<br>१४. व्यवसायिक शिक्षा तथा सीप विकास तालिम कार्यक्रममा महिला सहभागिता बढाउन आरक्षणको व्यवस्था गरिनुका साथै उनिहरुको रुची र बजारको माग अनुरुपको तालिमको व्यवस्था गरिनेछ ।<br>१५. महिलामैत्री ब्यवसायिक क्षेत्रको पहिचान गरी त्यस्ता उत्पादनमूलक क्षेत्रमा महिला उद्यमशीलता विकास तालिम प्रदान गरिनेछ।<br>१६. शारीरिक रूपमा अपाङ्ग, यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको श्रम बजारमा पहुँच बढाउन उनीहरूको क्षमता र आवश्यकताको पहिचान गरी सो अनुरूप सीप तालिमको व्यवस्था गरिनेछ ।<br>१७. प्लम्बर, इलेक्ट्रिसियन, मेसन, टायल, वाथरुम फिटिङ्ग, धारा फिटिङ्ग, आल्मुनियम फिटिङ्ग, |

| | |
|---|---|
| | जिपसन फिटिङ्ग आदी यस्ता कामहरुको दक्ष जनशक्ति न्युन भई अन्य देशबाट आपुर्ति भईरहेकाले प्रशिक्षण, तालिम वा सिकाईको माध्यमबाट यस क्षेत्रमा नै उत्पादन गरी मुलुकभर आपुर्ति गर्ने ।<br>१८. राजमिस्त्री, काठमिस्त्री, ग्रीलमिस्त्री, तर्फ दक्ष जनशक्ति उत्पादन गर्न आवश्यक कोर्ष निर्धारण गरी कार्यक्रम सञ्चालन गर्ने ।<br>१९. माली, मेकानिकल, एडभान्स हेएर कटिङ, ड्राईभर (हेभी/लाईट), ईलेक्ट्रोनिक्स, अटोमोबाईल, सिभिल ओभरसियर आदी तर्फ आवश्यक पाठ्यक्रम तयार गरी प्रशिक्षणको व्यवस्था गर्ने ।<br>२०. कम्प्युटर शिक्षा अहिले सबै क्षेत्रको लागि अपरिहार्य भएको छ र यो जनशक्ति बजारमा सजिलै रोजगारी प्राप्त गर्छ। तसर्थ आधारभुत देखि दक्ष क्षेत्रको विषयगत कम्प्युटर शिक्षाको प्रशिक्षण दिने ।<br>२१. निर्वाहमूखी कृषि क्षेत्रलाई व्यवसायमूखी बनाउन र थोरै क्षेत्रफलमा प्रविधि, बीउबिजन र दक्ष जनशक्ति प्रयोग गरी उत्पादकत्व बढाउन कृषि मन्त्रालय, सिटिईभिटीसंग समन्वय गरी तदनुरुप पाठ्यक्रम तयार गरी आवश्यक प्रशिक्षण सहित दीर्घकालीन नीति मार्फत दक्ष जनशक्ति तयार गर्ने, |

| | |
|---|---|
| | २२. अंग्रेजी भाषा लगायत गन्तब्य मुलुकको भाषाको आधारभूत ज्ञान प्राप्त गरि मात्र वैदेशिक रोजगारीमा जान सल्लाह दिने, |
| २. आय तथा रोजगारमूलक कार्यक्रम सञ्चालन गर्ने | १. लघुवित्त संस्था तथा स-साना सहकारीमार्फत निर्धन तथा सीमान्तकृत वर्ग लक्षित आयआर्जनका कार्यक्रमहरू सञ्चालन गर्न आवश्यक सीप तथा वित्तीय सहयोग उपलब्ध गराइनेछ ।<br>२. कृषि यान्त्रिकीकरणका लागि सम्भावनाका आधारमा सहकारी वा निजीस्तरमा Customer Hiring Center को विकास गरी यस क्षेत्रमा रोजगारी सिर्जना गरिनेछ ।<br>३. स्थानीय तहको सहकार्यमा कृषि क्षेत्रमा रहेका बाँझो, नदी उकास, नदी बगरजस्ता कृषि कार्यमा प्रयोग हुन सक्ने जग्गा कृषक सहकारी वा समूहहरूलाई करारमा उपलब्ध गराई सामूहिक व्यवसायिक खेतीलाई प्रोत्साहित गरी रोजगारीको सिर्जना गरिनेछ ।<br>४. कृषि, पशुपालन तथा मत्स्यपालन क्षेत्रको आधुनिकीकरण तथा व्यवसायीकारण गरी रोजगारका अवसर विस्तार गरिनेछ ।<br>५. प्रदेश तथा स्थानीय तहअन्तर्गतका सार्वजनिक ताल, तलैया तथा जलाशयहरूमा सम्भाव्यता हेरी समुह/सहकारीमार्फत बढी प्रतिफल दिने मत्स्यपालन रोजगारी सिर्जना गर्न प्रोत्साहित गरिनेछ । |

६. महिला किसान केन्द्रित कृषि तथा पशुपन्छीपालनको माध्यमबाट कृषि क्षेत्रमा महिला रोजगारीको सिर्जना गरिनेछ ।

७. कृषि उत्पादन प्रशोधनमा आधारित घरेलु तथा साना उद्योग र लघु उद्यमको विकास गरी रोजगारी अभिवृद्धि गर्न निजी क्षेत्रलाई प्रोत्साहित गरिनेछ ।

८. तुलनात्मक लाभको क्षेत्र पहिचान गरी त्यस्ता क्षेत्रमा वैदेशिक लगानी आकर्षित गर्न विशेष प्याकेजको व्यवस्थामार्फत उत्पादनशील रोजगारी सिर्जना गरिनेछ ।

९. स्थानीय मौलिक कला र संस्कृतिमा आधारित पर्यटन प्रवर्द्धन गरी रोजगारी सिर्जना गरिनेछ ।

१०. स्थानीयस्तरमा होम-स्टेको प्रवर्द्धन र विकास गरी रोजगारीका अवसर विस्तार गरिनेछ ।

११. स्थानीय सीप र कच्चा पदार्थमा आधारित घरेलु स्तरमा उत्पादन हुने परम्परागत टोकरी, ढक्की जस्ता सामग्रीको प्रयोगलाई प्रोत्साहित गरी यस क्षेत्रमा रोजगारी सिर्जना गरिनेछ ।

१२. निजी तथा सामुदायिक वनहरूमा रहेका खाली क्षेत्रमा उत्पादक समुह /सहकारीमार्फत स्थानीय जडीबुटी तथा वनौषधिको खेतीका लागि प्रयोग गर्न दिने नीतिको माध्यमबाट रोजगारी सिर्जना गरिनेछ ।

१३. ठूला विद्युत प्रसारण लाइन मुनिका राष्ट्रिय तथा सार्वजनिक वन क्षेत्रहरूमा उत्पादक

| | |
|---|---|
| | समुह/सहकारीमार्फत गैरकाष्ठ उत्पादन गर्न दिने नीतिको माध्यमबाट रोजगारी सिर्जना गरिनेछ।<br>१४.प्रदेशभित्रका कृषि तथा गैरकृषि उत्पादनको बजार प्रवर्द्धन गर्न उत्पादन क्षेत्र नजिक उपयुक्त बजार केन्द्रहरू तोकी व्यापार वृद्धि गरी यस क्षेत्रमा रोजगारी सिर्जना गरिनेछ ।<br>१५.तुलनात्मक लाभका क्षेत्रको उत्पादन तथा प्रशोधनलाई प्रोत्साहित गर्दै यस क्षेत्रमा रोजगारीका अवसर सिर्जना गरिनेछ ।<br>१६.प्रदेशस्तरीय पूर्वाधार निर्माण तथा सम्भारमा श्रममूलक प्रविधि (Labor Intensive) अवलम्बन गरी रोजगारीको सिर्जना गर्ने नीति अवलम्बन गरिनेछ ।<br>१७.दलित, सीमान्तकृत, पिछडिएका र लोपोन्मुख समुदायका परम्परागत पेसा, सीप र कलालाई आधुनिक व्यवसायका रूपमा रूपान्तरण गरी उत्पादनशील बनाउन सहकारिताको माध्यमबाट संगठित, प्रशिक्षित र परिचालित गरिनेछ ।<br>१८.प्रदेशको मौलिक सीप, संस्कृति तथा कलाको संरक्षण गर्दै यस क्षेत्रमा रोजगारी सिर्जना गर्न यससँग सम्बन्धित प्रशिक्षण संस्था, प्रदर्शन स्थल र संग्रहालय स्थापना गरी रोजगारी सिर्जना गरिनेछ । |

| उद्देश्यः ख | युवाहरूमा उद्यमशीलताको विकास गरी स्वरोजगारतर्फ आकर्षित गर्नु |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| ३. युवा वर्ग लक्षित रोजगारीका कार्यक्रम सञ्चालन गर्ने | १. प्रदेशका सबै जिल्लामा युवा लक्षित व्यावसायिक तथा प्राविधिक सीप विकाससम्बन्धी तालिम सञ्चालन गरी रोजगारी र स्वरोजगारीका अवसर विस्तार गरिनेछ ।<br>२. युवाहरूलाई औद्योगिक लगानी तथा स्वरोजगारतर्फ आकर्षित गर्न हरेक जिल्लामा उद्यमशीलता (entrepreneurship) सम्बन्धी परामर्श तथा स्किम विकासमा सहयोग गरिनेछ ।<br>३. युवा स्वरोजगार कार्यक्रमहरूलाई वित्तीय संस्थाहरू मार्फत सहुलियतपूर्ण ऋणको व्यवस्था गरिनेछ ।<br>४. विद्यालय छोडेका तर साक्षर बेरोजगार युवा जनशक्ति लक्षित व्यवसाय परामर्श (job counselling) प्रदान गरिनेछ ।<br>५. अनौपचारिक क्षेत्रमा कार्यरत अदक्ष कामदारले कामको दौरान आर्जन गरेको सीप परीक्षण गर्ने व्यवस्था मिलाई औपचारिक रोजगारीका क्षेत्रका लागि योग्य हुने नीति अवलम्बन गरिनेछ ।<br>६. रोजगारमूलक नव-प्रवर्तन (innovation) गर्न इच्छुक युवाहरूलाई आवश्यक सीप, स्रोत र साधन उपलब्ध गराइनेछ ।<br>७. विद्यालय शिक्षाको अन्तिम वर्षमा विद्यार्थीहरूका लागि करियर परामर्श (career counselling) को |

| | |
|---|---|
| | व्यवस्था गरिनेछ। यसका लागि करियर परामर्श केन्द्रको स्थापना गरि स्थानीय सरकारसँग समेत आवश्यक सहकार्य गरिनेछ ।<br>८. प्राविधिक तथा व्यवसायिक शिक्षामा "पढ्दै कमाउँदै" गर्ने नीति अवलम्बन गरिनेछ । यसकालागी औद्योगिक प्रसिक्षार्थी तालिम दुवै (Dual VET and apprenticeship) लाई प्राथमिकता दिईनेछ । |

| उद्देश्यः ग | श्रम बजारको प्रवर्द्धन एवं असल श्रम सम्बन्धको अभ्यासद्वारा रोजगारमैत्री लगानी आकर्षित गर्नु |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| ४. श्रम बजारको प्रवर्द्धन गरी रोजगारदाता तथा श्रमिकको हक र हितको संरक्षण गर्ने | १. प्रदेशमा रोजगारमूलक उद्यम व्यवसायमा हुने लगानी प्रक्रियालाई सरलीकरण र सहजीकरण गरिनेछ ।<br>२. प्रदेशले दिनुपर्ने औद्योगिक तथा लगानीसम्बन्धी सेवाहरूलाई अनलाइन एवं एकद्वार प्रणालीबाट प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।<br>३. प्रादेशिक सरकार र निजी क्षेत्रको सहकार्यमा बढी श्रममूलक रोजगारी दिने प्रकारका उद्योग स्थापनामा जोड दिइनेछ ।<br>४. कामदार/कर्मचारी र रोजगारदाता/व्यवस्थापनबीच सुमधुर सम्बन्ध प्रवर्द्धन गर्दै सामाजिक संवादमार्फत असल औद्योगिक सम्बन्ध कायम गर्न प्रतिष्ठानस्तरमा श्रम सम्बन्ध समितिलाई प्रभावकारी |

| | |
|---|---|
| | बनाइनेछ ।<br>५. श्रम-साझेदारहरूबीच विवाद व्यवस्थापन गर्न सामूहिक सौदाबाजी (collective bargaining) र वार्ता एवं सम्झौता प्रक्रियालाई प्रभावकारी बनाइनेछ ।<br>६. प्रदेशभित्रका उद्योगहरूमा व्यवसायजन्य सुरक्षा तथा कामदारको स्वास्थ्य सुरक्षाका राष्ट्रिय मापदण्डको पालना गराउन प्रभावकारी अनुगमन गरिनेछ ।<br>७. औद्योगिक क्षेत्र तथा औद्योगिक ग्राममा असल श्रम अभ्यासको शिक्षा दिइनेछ ।<br>८. निजी, स्वरोजगार तथा अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकहरूलाई सामाजिक सुरक्षा कार्यक्रममा आबद्ध गर्न प्रभावकारी अभियान सञ्चालन गरिनेछ ।<br>९. प्रदेशलाई बाल श्रममुक्त क्षेत्र बनाउन जोखिमयुक्त उद्योगहरूमा कार्यरत बाल श्रमिकहरूको उद्धार गरी उनीहरूलाई आधारभूत शिक्षा र सीपमूलक तालिमको व्यवस्था गरिनेछ । |
| ५ श्रम प्रशासन सुदृढीकरण गर्ने | १. प्रदेशस्तरीय एक त्रिपक्षिय श्रम सल्लाहकार परिषद गठन गरी यसैमार्फत श्रम सम्बन्धमा देखा पर्ने समस्या तथा चुनौतीलाई सम्बोधन गर्ने प्रयास गरिनेछ ।<br>२. श्रम-साझेदारहरूबीच विवाद व्यवस्थापनका क्रममा भएका सम्झौताको अभिलेखीकरण गरी कार्यान्वयन अनुगमन गरिनेछ ।<br>३. प्रदेशभित्रका श्रम कार्यालयहरूलाई साधन र स्रोत |

| | |
|---|---|
| | उपलब्ध गराई श्रम प्रशासनमा कार्यरत मानव संसाधनको क्षमता अभिवृद्धि तथा स्तरीकरण गरिनेछ ।<br>४. श्रम प्रशासनमा विद्युतीय तथा सूचना प्रविधिको प्रयोग गरी सेवाग्राहीमैत्री बनाईनेछ ।<br>५. प्रदेशभित्र निजी तथा अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकहरूको हक, हित र अधिकार संरक्षणका लागि प्रभावकारी अनुगमन र नियमनको व्यवस्था मिलाइनेछ ।<br>६. प्रतिष्ठानहरूमा श्रम निरीक्षकद्वारा नियमित अनुगमन तथा श्रम परीक्षणको व्यवस्था गरिनेछ ।<br>७. सबै स्थानीय तहलाई प्रादेशिक श्रम बजार सूचना प्रणालीमा आबद्ध गरिनेछ । |

| उद्देश्यः घ | **वैदेशिक रोजगारीको व्यवस्थापन गर्नु** |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| ६. वैदेशिक रोजगारीको जोखिम घटाई विप्रेषण आयलाई उत्पादनशील र रोजगारीमूलक क्षेत्रमा लगानी | १. स्थानीय तहसँगको समन्वय र सहकार्यमा वैदेशिक रोजगारसम्बन्धी सचेतना अभिवृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।<br>२. स्थानीय तहसँगको समन्वयमा स्थानीय तहमा स्थापित रोजगार सेवा केन्द्रको सबलीकरण गरी सुरक्षित वैदेशिक रोजगारसम्बन्धी सूचना तथा सेवा प्रवाहको व्यवस्था गरिनेछ ।<br>३. प्रदेशका राहदानी सेवा प्रवाह गर्ने जिल्ला तथा |

| | |
|---|---|
| गर्ने | इलाका प्रशासन कार्यालयमा संघ, प्रदेश तथा स्थानीय तह (अन्तर तह) संगको सहकार्य तथा सहलगानी (Matching fund) मा आप्रवासी स्रोत केन्द्र वा उपकेन्द्र स्थापना गरी वैदेशिक रोजगारमा जानुपूर्व गर्नुपर्ने तयारी, रोजगारमा गएका श्रमशक्तिका परिवारलाई सूचना प्रवाह एवं कानूनी उपचारमा सहयोग प्रदान गरिनेछ ।स्थानीय तह बाट श्रम स्वीकृति कोलागि सहजीकरण गर्ने शाखा/निकाय संग समन्वय तथा क्षमता बिकाश गरिने,<br>४. वैदेशिक रोजगारबाट स्वदेश फर्किएका व्यक्तिहरूको सामाजिक पुनर्एकीकरण गर्न पुनर्एकीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।<br>५. वैदेशिक रोजगारबाट फर्की आउनेहरूका लागि उद्यमशीलता, पुँजी निर्माण र लगानी आदि सम्बन्धमा प्रशिक्षण दिई पुनर्स्थापना कार्यक्रम सञ्चालन गरिनेछ ।<br>६. स्थानीय तहसँगको सहकार्यमा वैदेशिक रोजगारमा जाने श्रमशक्ति तथा निजका परिवार लक्षित वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिनेछ ।<br>७. हाल संघीय निकायहरूबाट गरिआएको वैदेशिक रोजगारका नियमन, अनुगमन तथा कानूनी उपचारलाई सम्बन्धित संघीय निकायहरूसँग समन्वय गरी प्रदेशस्तरबाट गरिने व्यवस्था मिलाइनेछ । |

| | |
|---|---|
| | ८. वैदेशिक रोजगारीमा आर्थिक रूपले पिछडिएका वर्गको पहुँच बढाउन वित्तीय संस्थामार्फत सहुलियतपूर्ण ऋण प्रवाह गर्न सहजीकरण गरिनेछ ।<br>९. महिला-वैदेशिक रोजगारीलाई शोषणमुक्त, सुरक्षित र मर्यादित बनाउन पूर्वतयारीको चरणदेखि नै सचेतना, सीप विकास सम्बन्धी विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।<br>१०. वैदेशिक रोजगारमा संलग्न व्यक्ति तथा तिनीहरूका परिवारलाई आधारभूत मानसिक स्वास्थ्य सेवा उपलब्ध गराउन स्थानीय तहको क्षमता विकासमा सहयोग गरिनेछ ।<br>११. वैदेशिक रोजगारबाट फर्केका युवाहरूलाई उनीहरू स्वयंको सहकारी वा समूहमार्फत काम गर्न चाहेमा रोजगारप्र बर्धन परियोजनाका आधारमा सहलगानी **Matching Fund** को व्यवस्था गरी उनीहरूले विदेश बाट आर्जन गरेका पुंजी, सीप र अनुभवलाई आन्तरिक ब्यबसाय प्रबर्धन तथा रोजगार सिर्जना गर्न प्रोत्साहित गरिनेछ । यसको लागी तिनै तह को सरकार संग समन्वय तथा सहकार्य गरिनेछ ।<br>१२. विप्रेषण र विप्रेषणजन्य अन्य आयलाई उत्पादनशील क्षेत्रमा प्रवाहित तथा लगानी गर्न वैदेशिक रोजगारबाट फर्केका युवा लक्षित |

| | |
|---|---|
| | उद्यमशीलता विकास (Enterpreneurship Development) लगायत अन्य प्रभावकारी कार्यक्रम रोजगारी प्रबर्धन इकाइ मार्फत सञ्चालन गरिनेछ । (यस अन्तर्गत युवाको सृजनात्मक सोंच तथा रोजगारी सिर्जना गर्ने प्रस्ताबनालाई कार्यान्बयन गराउन **matching fund** को व्यवस्था गरिनेछ) |
| ७. आप्रवासी कामदारको व्यवस्थापन गर्ने | १. स्थानीय तहमा अभिलेखबद्ध भई भारतमा मौसमी रोजगारीका लागि जाने श्रमशक्तिलाई बीमा कार्यक्रममा आबद्ध गराउन स्थानीय तहलाई बीमा रकमको ५० प्रतिशत अनुदान उपलब्ध गराइनेछ ।<br>२. स्थानीय तहको सहकार्यमा प्रदेशमा कार्यरत विदेशी श्रमिक र निजको सीप अभिलेखबद्ध गरिनेछ ।<br>३. प्रदेशमा कार्यरत आप्रवासी कामदारको श्रम शोषण रोक्न तथा न्यूनतम ज्यालाको सुनिश्चितताका लागि प्रभावकारी अनुगमन गरिनेछ ।<br>४. प्रदेशमा कार्यरत आप्रवासी कामदारको श्रमसम्बन्धी गुनासो सम्बोधन गर्ने प्रणाली प्रभावकारी बनाइनेछ । |

| **उद्देश्यः ङ** | अनौपचारिक क्षेत्रको रोजगारीलाई औपचारिक क्षेत्रमा रुपान्तरण गर्दै रोजगारीको गुणस्तरमा सुधार गर्नु। |
|---|---|
| **रणनीति** | **कार्यनीति** |
| ८. अनौपचारिक क्षेत्रका | १. अनौपचारिक क्षेत्रका कामदारलाई |

| | |
|---|---|
| कामदारका सीपहरुको आधुनिकारण गर्ने, अनौचारिक रुपमा सन्चालित उद्योग व्यवसायहरुलाई औपचारिक बनाउने र रोजगारदाता तथा श्रमिकलाइ योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रममा समाहित गराइ रोजगारीको गुणस्तर सुधार गर्ने । | परम्परागत सीप तथा शिल्पकलाको जगेर्ना गर्दै आधुनिक उपकरणको प्रयोग गर्न सक्ने सीप तालिम/प्रशिक्षण उपलव्ध गराई उत्पादन र उत्पादकत्व बढाउने ।<br>२. अनौपचारिक रुपमा सन्चालित उद्योग तथा व्यवसायहरुलाई घरेलु कार्यालय वा कम्पनी रजिष्ट्रारको कार्यालयमा र आन्तरिक राजश्व कार्यालयमा दर्ता गर्न प्रोत्साहित गर्ने ।<br>३. रोजगारदाता र श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्ध गराई कोषबाट प्रदान हुने सेवामा पहुँच वृद्धि गर्ने । |
| ९. डिजिटल युग सापेक्ष दक्षता हासिल गर्न श्रमिकहरुलाई डिजिटल शिक्षा प्रदान गर्ने; | १. औपचारीक तथा अनौपचारीक क्षेत्रमा कार्यरत श्रमिकहरुलाई सूचना प्रविधि सम्वन्धि तालिम प्रदान गरिने छ ।<br>२. श्रमिकहरुलाई बजारको माग अनुसारको आधुनिक डिजिटल प्रविधि जडित औजार उपकरण प्रयोग तथा विभिन्न सफ्टवेयर निर्माण तथा प्रयोग सम्वन्धि तालिम प्रदान गरिने छ ।<br>४. युवाहरुलाई रोजगारी खोज्ने सीप, वायोडाटा निर्माण तथा Online job portal र Online दरखास्त पेश सम्वन्धि |

| | |
|---|---|
| | अभिमुखिकरण प्रदान गरिने छ । |
| १०.औपचारिक, अनौपचारिक वा अरितिक तवरबाट दक्ष भएका व्यक्तिहरुलाई योग्यताका प्रमाणपत्र प्राप्त गर्न सहजीकरण गर्ने; | १. व्यक्तिले औपचारीक, अनौपचारीक, अरितिक वा कार्यानुभव जुनसुकै तवरबाट सिकेको सीपलाई योग्यताको प्रमाण-पत्र प्रदान गर्न सिटीईभीटी/ राष्ट्रिय सीप परीक्षण समितिसँग समन्वय र सहकार्य गरिनेछ ।<br>२. पूर्व सिकाईको मान्यता (**Recognition of Prior Learning -RPL)** अनुरुप दक्ष जनशक्तिलाई राष्ट्रिय योग्यता प्रणालीमा समाहित गरिने छ ।<br>५. योग्यता प्रमाण-पत्रधारी दक्ष व्यक्तिहरुलाई उनीहरुको स्तरको आधारमा उच्च प्राथमिकताका साथ रोजगारी प्रदान गर्न रोजगारदाताहरुलाई सहजीकरण गरिनेछ । |

| | |
|---|---|
| **उद्देश्यः च** | **वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको सामाजिक पुनःएकीकरण एवं प्राप्त ज्ञान, सीप र उद्यमशीलताको उपयोग गरि आर्थिक पुनःएकीकरण गर्नु ।** |

| **रणनीति** | **कार्यनीति** |
|---|---|
| ११. निर्माण, सेवा र कृषि आधारित मूल्यअभिवृद्धि शृंखलाको | १. वैदेशिक रोजगारी बाट फर्केका व्यक्तिको सीप , पुंजी र प्रविधिलाई प्रदेश हितको लागि उपयोग गर्न तथा त्यस्ता व्यक्तिहरुको सामाजिक पुनःएकीकरण |

| | |
|---|---|
| आधारमा रोजगार प्रवर्द्धन गर्ने । | गर्नका लागि समाजमा अन्तरघुलन गराउन निजका परिवारलाई समेत सहभागितामा पारिवारिक मेलमिलाप, मनोसामाजिक परामर्श, नेतृत्व विकास, सेल्टरको निर्माण तथा संचालन, आप्रवासी संजालको निर्माण तथा स्वयंसेवक परिचालन जस्ता कार्यक्रम संचालन गरिनेछ।<br>२. वैदेशिक रोजगारी बाट फर्केका व्यक्तिको सीप परिक्षण तथा प्रमाणीकरण, श्रम बजारको आवश्यकतामा आधारित व्यवसायिक र व्यवस्थापकीय सीपमूलक तालिम प्रदान, पेशाको आधुनिकीकरण तथा बजारको माग र व्यक्तिको क्षमता अनुसारको रोजगारको व्यवस्था गर्न सहजीकरण गरिनेछ ।<br>३. वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिले वैदेशिक रोजगारीको क्रममा आर्जन गरेको पूंजी, ज्ञान, सीप, प्रविधि र अनुभवको सदुपयोग गर्दै वित्तीय साक्षरता मार्फत एकल वा समुहमा आधारित स्वउद्यम कार्यक्रम संचालन गरिनेछ ।<br>४. संघ र स्थानीय तहसँग समन्वय गरि नविनतम ज्ञान र सीपमा आधारित व्यवसाय स्थापना र संचालनका लागि वैदेशिक रोजगारीबाट फर्केको व्यक्तिको अनुदान र |

| | |
|---|---|
| | सहुलियत ब्याजदरमा उद्यमी कर्जा प्रवाह गर्न वा त्यस्ता व्यक्तिले उत्पादन गरेका वस्तु वा सेवालाई प्रदर्शनी वा बिक्रि वितरणका लागि आप्रवासी वहुउद्देश्यीय सहकारी/समुहको निर्माण, औद्योगिक मेला, विशेष आर्थिक क्षेत्र, औद्योगिक क्षेत्र, औद्योगिक ग्राम तथा आप्रवासी बजार निर्माणमा प्राथमिकता प्रदान गर्न सकिनेछ।<br>५. कृषि क्षेत्रको विस्तार गरि मूल्यअभिवृद्धि शृंखला सम्बन्धी अध्ययन अनुसन्धान गरि रोजगारी प्रवर्धन गरिनेछ । |

## १०. संस्थागत संरचना

१. रोजगार सिर्जना अन्तरसम्बन्धित विषय भएकाले श्रम तथा रोजगार नीतिको कार्यान्वयनमा संघ, प्रदेश तहका विभिन्न मन्त्रालय तथा स्थानीय तहमा रहेका कार्यालय, निकायहरू र निजी क्षेत्रका सरोकारवालाको समन्वय र सहकार्यमा सम्पन्न गरिनेछ । यसलाई सुनिश्चित गर्न अनुसूची १ बमोजिमको एक श्रम तथा रोजगार अनुगमन तथा मूल्याङ्कन समितिको व्यवस्था गरिनेछ ।

२. अनुसूची १ अनुसारको समितिले यस नीतिको अनुगमन र मूल्याङ्कन तथा सरोकारवालाबाट सञ्चालन गरिने क्रियाकलापहरूको समन्वय तथा नीति कार्यान्वयनका लागि आवश्यक स्रोतसाधनको परिचालन गर्न नीतिगत मार्गदर्शन गर्नेछ भने श्रम तथा रोजगार क्षेत्र हेर्ने

मन्त्रालयले श्रम तथा रोजगार नीतिको कार्यान्वयन, अनुगमन र मूल्याङ्कन तथा समन्वयको कार्य गर्नेछ ।

३. यस नीतिको कार्यान्वयनका लागि सरोकारवालाहरूको क्षमता अभिवृद्धिका लागि तालिम र स्रोतको विनियोजन गरिनेछ ।

४. व्यावसायिक तथा सीप विकाससम्बन्धी प्रदेशभित्रका प्रदेशस्तरीय तालिम प्रदायक संस्थालाई एउटै संस्थागत छातामुनि ल्याई सोहीमार्फत तालिमको व्यवस्था गरिनेछ । यसका लागि संलग्न अनुसूची २ को संस्थाले निर्देशक समितिका रूपमा काम गर्नेछ ।

५. अनुसूची १ र २ का समितिले आफ्नो कार्यविधि आफैं तय गर्नेछन् ।

## ११. आर्थिक पक्ष

यस नीतिको कार्यान्वयनका लागि कार्ययोजना तयार गरी सोही अनुसार वार्षिक कार्यक्रमहरू तर्जुमा गर्दै आवश्यक स्रोत र साधनको व्यवस्था गरिनेछ । यस्ता कार्यक्रमहरू प्रदेशस्तरीय सरकारी, गैरसरकारी तथा निजी क्षेत्रहरूसँगको समन्वय तथा सहयोगमा सञ्चालित हुने व्यवस्था गरिनेछ ।

## १२. कानूनी व्यवस्था

क. **कानुनी सुधार**: यस नीतिको प्रभावकारी कार्यान्वयनका लागि यससँग सम्बन्धित प्रादेशिक ऐन, नियम तथा निर्देशिकाहरू निर्माण तथा सुधार गरिनेछ ।

ख. **नीतिगत सुधार तथा संशोधन**: यस नीतिलाई सामान्यतया हरेक ५/५ वर्षमा सुधार गरिनेछ तर आवश्यकताका आधारमा सो अगाडि नै पनि अध्यावधिक तथा परिमार्जन गर्न सकिनेछ ।

ग. **नीतिको कार्यान्वयन**: यो नीति कार्यान्वयनका लागि सबै पक्षको समन्वय र सहयोगमा आवश्यक विषयगत तथा क्षेत्रगत

कार्यनीतिसहितको कार्ययोजना तयार गरिनेछ । विषयगत मन्त्रालयहरूबाट आफ्ना कार्यक्रम तयार गर्दा यी नीतिहरूलाई मूलप्रवाहीकरण गरिनेछ ।

घ. **जिम्मेवारीः** यस नीतिको निर्देशन तथा कार्यान्वयनको लागि मुख्य जिम्मेवारी श्रम तथा रोजगार क्षेत्र हेर्ने गरी तोकिएको मन्त्रालयको हुनेछ । हाल यो जिम्मेवारी श्रम तथा यातायात मन्त्रालयको रहेको छ ।

## १३. अनुगमन र मूल्याङ्कन

श्रम तथा रोजगार क्षेत्र हेर्ने मन्त्रालयले यस नीतिको आवधिक अनुगमन तथा मूल्याङ्कन गरी सोको प्रतिवेदन प्रादेशिक श्रम तथा रोजगार नीति निर्देशक समितिमा पेस गर्नेछ र यस समितिले उक्त प्रतिवेदनउपर छलफल गरी आवश्यक कार्यवाहीका लागि सम्बन्धित निकायमा पठाउन सक्नेछ ।

## १४. जोखिम

यस नीतिको प्रभावकारी कार्यान्वयनका लागि देहायका जोखिमहरू रहन सक्छन्:

- नीति कार्यान्वयनका लागि प्रक्षेपित स्रोत र साधन उपलब्ध हुनु आवश्यक छ ।
- नीतिको परिकल्पना अनुसारको अन्तरनिकाय समन्वय प्रभावकारी हुनुपर्ने र यसका लागि सम्बद्ध साझेदार निकायहरूबाट अपेक्षित सहयोग प्राप्त हुनुपर्नेछ ।

## अनुसूची- १
## प्रदेश श्रम तथा रोजगार नीति निर्देशक समिति

| पद | निकाय | जिम्मेवारी |
|---|---|---|
| मन्त्री | श्रम तथा यातायात (श्रम तथा रोजगार हेर्ने) मन्त्रालय | अध्यक्ष |
| सदस्य | प्रदेश नीति आयोग (श्रम तथा रोजगार हेर्ने) | सदस्य |
| सचिव | श्रम तथा यातायात(श्रम तथा रोजगार हेर्ने) मन्त्रालय | सदस्य |
| सचिव | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य |
| सचिव | प्रदेश स्थित रहेका सबै मन्त्रालयहरु | सदस्य |
| प्रतिनिधि | उद्योग वाणिज्य महासंघ, मधेश प्रदेश (अध्यक्ष र एक महिलासहित) दुई जना | सदस्य |
| प्रतिनिधि | नेपाल उद्योग परिसंघ, मधेश प्रदेश (अध्यक्ष र एक महिलासहित) दुई जना | सदस्य |
| प्रतिनिधि | संयुक्त ट्रेड युनियन समन्वय केन्द्र (JTUCC), मधेश प्रदेश (अध्यक्ष र एक महिलासहित) दुई जना | सदस्य |
| प्रतिनिधि | आप्रवासी हकहित सञ्जाल मधेश प्रदेश (अध्यक्ष र एक महिलासहित) दुई जना | सदस्य |
| प्रतिनिधि | प्रदेशका नगरपालिका संघबाट ( संयोजक र एक महिला) सहित दुई जना | सदस्य |

| | | |
|---|---|---|
| प्रतिनीधि | प्रदेश स्तरिय गाउपालिका महासंघ (अध्यक्ष र एक महिलासहित) दुई जना | सदस्य |
| प्रतिनीधि | बिषयगत बिज्ञ तथा क्षेत्रगत योगदान दिने व्यक्ति तथा संस्थालाई आमन्त्रण गर्न सकिने-एक जना | सदस्य |
| प्रतिनीधि | नेपाल राष्ट्र बैंकका प्रदेश प्रमुख | सदस्य |
| महाशाखा प्रमुख | श्रम तथा यातायात (श्रम तथा रोजगार हेर्ने) मन्त्रालय | सदस्य-सचिव |

# अनुसूची- २

## प्रदेश श्रम तथा रोजगार नीति कार्यान्वयन समिति

| पद | निकाय | जिम्मेवारी |
|---|---|---|
| सचिव | श्रम तथा यातायात मन्त्रालय (श्रम तथा रोजगार हेर्ने) | संयोजक |
| अधिकृत प्रतिनीधि | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | सदस्य |
| महाशाखा प्रमुख | प्रदेश स्थित रहेका सबै मन्त्रालयहरु | सदस्य |
| प्रतिनिधि | श्रम तथा रोजगार कार्यालय, मधेश प्रदेशका-प्रमुख | सदस्य |
| प्रतिनिधि | उद्योग वाणिज्य महासंघ, मधेश प्रदेश एक जना | सदस्य |
| प्रतिनिधि | नेपाल उद्योग परिसंघ, मधेश प्रदेश एक जना | सदस्य |
| प्रतिनिधि | संयुक्त ट्रेड युनियन समन्वय केन्द्र (JTUCC), मधेश प्रदेश एक जना | सदस्य |
| प्रतिनिधि | आप्रवासी हकहित सञ्जाल मधेस प्रदेश-(एक जना महिला सहित) दुई जना | सदस्य |
| प्रतिनिधि | गाउपालिका महासंघ कार्यालयका प्रदेश स्तरका सम्पर्क/कार्यकारी अधिकृत | सदस्य |
| प्रतिनिधि | नगरपालिका संघ कार्यालयका प्रदेश स्तरका सम्पर्क/कार्यकारी अधिकृत | सदस्य |

| | | |
|---|---|---|
| प्रतिनिधि | नेपाल राष्ट्र बैंकले तोकेको बैक तथा बित्तिय संस्थाका प्रतिनिधि (एक जना महिला सहित) २ जना | सदस्य |
| प्रतिनिधि | बिषयगत बिज्ञ तथा क्षेत्रगत योगदान दिने व्यक्ति तथा संस्थालाई आमन्त्रण गर्न सकिने | सदस्य |
| महाशाखा प्रमुख | श्रम तथा यातायात मन्त्रालय (श्रम तथा रोजगार हेर्ने) | सदस्य-सचिव |